धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनुसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

# आ.व. २०७९/०८० को दोस्रो त्रैमासिक प्रतिवेदन

## सिईडिबि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड

दोस्रो तल्ला, ब्लुस्टार कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाडौं । फोन :०१-४१०११४०/४२२२६०९

**१. वित्तीय विवरण** :

क) आ.व.२०७९/८० को दोश्रो त्रैमासिक विवरण व्यवस्थापनद्वारा तयार गरिएको अपरिष्कृत वित्तिय अवस्थाको विवरण तथा आय विवरण ।

### वित्तिय अवस्थाको विवरण

*(रकम रु. मा)*

| विवरण | लेखा परीक्षण नभएको | | |
|---|---|---|---|
| | पौष मसान्त २०७९ सम्ममा | असोज मसान्त २०७९ सम्ममा | पौष मसान्त २०७८ सम्ममा |
| सम्पत्ति | | | |
| गैह्र चालु सम्पत्ति | | | |
| कार्यालय उपकरण | २,२७१,७८९.७३ | २,४०५,२७०.५२ | २,७४९,८५७.५६ |
| पूँजीगत कार्य प्रगति | ४,६४०,१७१.१६ | ४,६५९,०६६.१६ | ४,६३३,५००.५६ |
| लगानी | ४४९,०४८,४१०.७९ | ४४९,०५२,२६०.७९ | ४४८,०४८,४१०.७९ |
| जम्मा गैह्र चालु सम्पत्ति | ४५५,९६०,३७१.६८ | ४५६,११६,५९७.४७ | ४५५,४३१,७६८.९१ |
| चालु सम्पत्ति | | | |
| मुद्धती निक्षेपमा लगानी | १९०,०००,०००.०० | १९०,०००,०००.०० | २२५,०००,०००.०० |
| नगद तथा बैंक मौज्दात | ८,३१९,७५२.१३ | ३,४७०,१०७.७६ | ६,३६१,७६०.०८ |
| अग्रिम भुक्तानी, पेश्की, सापटी तथा धरौटी | २४३,१८८,३३७.९४ | २३५,४५८,४०७.८४ | ७७,७१४,९७४.३२ |
| आसामी | ४४०,५३७,१६६.५० | ४५१,२०१,९७७.८५ | ४९३,४६०,९२५.०८ |
| जम्मा चालु सम्पत्ति | ८८२,०४५,२५६.५७ | ८८०,१३०,४९३.४५ | ८०२,५३७,६५९.४८ |
| जम्मा सम्पत्ति | १,३३८,००५,६२८.२५ | १,३३६,२४७,०९०.९२ | १,२५७,९६९,४२८.३८ |
| पूँजी तथा दायित्व | | | |
| पूँजी तथा जगेडा कोष | | | |
| शेयर पूँजी | ८३९,४१०,०००.०० | ८३९,४१०,०००.०० | ८३९,४१०,०००.०० |
| जगेडा कोष र संचित नाफा | ४४९,०६३,३३३.६६ | ४२२,३६६,६६६.६९ | ३३८,२६१,९८३.०८ |
| जम्मा पूँजी तथा जगेडा कोष | १,२८८,४७३,३३३.६६ | १,२६१,७७६,६६६.६९ | १,१७७,६७१,९८३.०८ |
| दायित्व | | | |
| गैह्र चालु दायित्व | | | |
| दीर्घकालीन बैंक ऋण | ९२०,२०१.४८ | १,०८७,८४७.८४ | १,३२०,७०५.४७ |
| चालु दायित्व र व्यवस्था | | | |
| व्यापारिक र अन्य दायित्व | ३३,९६७,१०३.१९ | ६२,१०५,३५३.७९ | ५५,१११,२३०.०१ |
| अन्य व्यवस्थाहरु | १४,६४४,९८९.९२ | ११,२७७,२२२.६० | २३,८६५,५०९.८३ |
| जम्मा चालु दायित्व तथा व्यवस्थाहरु | ४८,६१२,०९३.११ | ७३,३८२,५७६.३९ | ७८,९७६,७३९.८४ |
| जम्मा पूँजी तथा दायित्व | १,३३८,००५,६२८.२५ | १,३३६,२४७,०९०.९२ | १,२५७,९६९,४२८.३९ |

### आय विवरण

*(रकम रु. मा)*

| विवरण | लेखा परीक्षण नभएको | | |
|---|---|---|---|
| | पौष मसान्त २०७९ सम्ममा | असोज मसान्त २०७९ सम्ममा | पौष मसान्त २०७८ सम्ममा |
| सेवा शुल्क, ब्याज तथा अन्य आम्दानी | ८४,९७३,०९०.४८ | ५०,१८०,६०९.९६ | १०२,९४२,४२१.३७ |
| प्रशासनिक खर्च | (९,४६०,६१५.७३) | (४,९२५,६७९.५६) | (७,०८२,८२४.९०) |
| ब्याज खर्च | (७२,१८८.४९) | (१२,५५९.२२) | (८८,५८३.२०) |
| ह्रासकट्टी | (२६६,९६१.५७) | (१३३,४८०.७८) | (३०८,९७३.९५) |
| जम्मा खर्च | (९,७९९,७६५.७९) | (५,०७१,७१९.५६) | (७,४८०,३८२.०५) |
| आयकर अघिको नाफा | ७५,१७३,३२४.६९ | ४५,१०८,८९०.४० | ९५,४६२,०३९.३२ |
| चालू वर्षको आयकर व्यवस्था | (१४,६४४,९८९.९२) | (११,२७७,२२२.६०) | (२३,८६५,५०९.८३) |
| आयकर कट्टी पछिको नाफा | ६०,५२८,३३४.७७ | ३३,८३१,६६७.८० | ७१,५९६,५२९.४९ |

**नोट**:

माथि उल्लेखित अंकहरु आवश्यकता अनुसार पुनःवर्गीकरण गर्न सकिने छ ।

लेखा परीक्षण नभएका अंकहरु लेखापरीक्षक तथा नियामक निकायको निर्देशन बमोजिम हेरफेर हुन सक्नेछ ।

ख) प्रमुख वित्तीय अनुपातहरु सम्बन्धि विवरण निम्नाअनुसार छन ।

| अवधी | प्रतिशेयर आम्दानी रु. (वार्षिकिकरण) | प्रतिशेयर नेटवर्थ रु. | तरलता अनुपात | प्रतिशेयर कुल सम्पतीको मूल्य रु. | मूल्य आम्दानी अनुपात |
|---|---|---|---|---|---|
| यस त्रैमासिक अन्त्य सम्ममा | १४.४२ | १५३.५० | १८.१४ | १५९.४० | ४९.९२ |

**२. व्यवसायिक विश्लेषण:**

क) त्रैमासिक अवधीमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरणः कम्पनी संग रहेका लगानी योग्य रकम हाललाई मुद्धती खातामा राखिएकोले नगद मौज्दात तथा तरलता बढेको छ।

ख) आगामी अवधीको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरणः कम्पनीले लगानी गरेको जलविद्युत आयोजनाहरु दोर्दी-१ जलविद्युत आयोजना र तल्लो खारे खोला जलविद्युत आयोजनाले विद्युत उत्पादन गरी राष्ट्रिय विद्युत प्रसारणमा विद्युत प्रवाह गर्दै आएको छ। रुकुम गाड जलविद्युत आयोजनाबाट आगामी फाल्गुन सम्ममा विद्युत उत्पादन हुने अनुमान रहेको छ। साथै कम्पनीको लगानी रहेको ४५ मे.वा.को कसुवा खोला जलविद्युत आयोजनाको निर्माण कार्य आ.व. २०७९/८० मा प्रारम्भ हुने अनुमान छ।

ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरणः
कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकूल असर पार्ने खालको घटना र अवस्था देखिएको छैन। तर मानवीय नियन्त्रण भन्दा बाहिरको दैवि प्रकोप (काबु बाहिर) को असर भने सदा रहिरहने छ।

**३. कानूनी कारबाही सम्बन्धी विवरण:**
यस त्रैमासिकमा संस्थाले कसै विरुद्ध र कसैले संस्था विरुद्ध साथै संस्थापक र संचालक विरुद्ध कुनै मुद्धा मामिला परे/गरेको छैन।

**४. संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:**

क) धितोपत्र बजारमा संस्थाको शेयर कारोबार नियमानुसार सामान्य प्रकृतिबाटै भएको छ। यस त्रैमासिक अवधिमा संस्थाको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेवसाइट अनुसार

| अधिकतम मूल्य रु. | न्यूनतम मूल्य रु. | अन्तिम मूल्य रु. | कारोबार भएको कुल दिन | कारोबार संख्या |
|---|---|---|---|---|
| ७९१.०० | ५९०.०० | ७२०.०० | ५२.०० | ५,८०९.०० |

ख) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणाः
शेयर बजारले निर्धारण गर्ने यस संस्थाको शेयरको मूल्य र कारोबारमा यस संस्थाको कुनै हस्तक्षेप रहेको छैन।

**५. समस्या तथा चुनौती:**
कम्पनीले गरेको सम्पूर्ण लगानीहरु जलविद्युत आयोजनामा रहेकोले जलविद्युत आयोजनासँग सम्बन्धित समस्या, चुनौती र जोखिमहरुले कम्पनीले प्राप्त गर्ने प्रतिफललाई प्रभाव पार्नेछ।

**६. संस्थागत सुशासन:**
संस्थागत सुशासन अभिबृद्धिका लागि व्यवस्थापनले कर्मचारीको वृद्धि विकास, आवश्यक कार्यकक्ष र सामाग्रीहरुको समुचित व्यवस्था कार्यका लागि उचित वातावरण तयार गर्ने गरेको छ।

**७. सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण:**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

नेपालमा सर्वाधिक पढिने पहिलो राष्ट्रिय आर्थिक दैनिक

# कारोबार

वर्ष १४, अंक ५२ | राष्ट्रिय संस्करण | नेपाल संवत् ११४३ | आइतबार, २९ माघ २०७९ | SUNDAY, 12 FEBRUARY 2023 | पृष्ठ २२ | मूल्य १० रुपैयाँ karobardaily.com

**सम्झौताको १७ वर्षपछि आईसीपी निर्माण सुरु**

अर्थतन्त्र ३

**बढ्दो खराब कर्जा अनुगमनको आवश्यकता**

विचार ४




**हवाई दुर्घटना शून्यमा झार्ने लक्ष्य पूरा गर्न नेपालले धेरै काम गर्नुपर्छ**

सञ्जीव गौतम २२

